# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या :-

चलानी नं. :-

मिति :- २०८१।०७।२७

ने.स. ११४५ कछलाथ्व ११ मंगलबार

**सूचना नं. : २५**

**गुनासो सुनुवाई अधिकारी करार सेवामा पदपुर्ती गर्ने सम्बन्धी सूचना !**

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२७)*

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सशर्त अनुदान मार्फत यस गाउँपालिकामा सञ्चालित गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा २२ तथा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ मा व्यवस्था भए अनुसारको गुनासो सुनुवाई अधिकारी पदमा खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ (सात) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**विज्ञापन नं.** ०२-२०८१/८२

**माग पद संख्या :** २

**पद :** गुनासो सुन्ने अधिकारी (सहायक पाँचौ तह)

**परीक्षा दस्तुरः** रु ७००/-

**१. आवश्यक न्यूनतम योग्यता :**

- लोकसेवा आयोगले राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक तर्फ) को पदको लागि तोकेको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
- यस भन्दा अघि गरिव पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत स्थलगत तथ्यांक संकलन कार्यमा खटिएका सुपरिवेक्षक तथा गणक र कम्तिमा तीन महिने आधारभूत कम्प्यूटर तालिम प्राप्त गरेको उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

**२. दरखास्त दिने अन्तिम मिति :** २०८१।०८।०३ गते कार्यालय समय सम्म ।

**३. छनौटको किसिम :** विहादी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० अनुसार (संक्षिप्त सूचि प्रकाशन र अन्तर्वार्ता)

**४. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः** आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरूको प्रतिलिपिहरुः

क. नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

ख. सम्बन्धित कामसँगको अनुभव भए सोको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो

ग. आवेदन दस्तुर विहादी गाउँपालिकामा राजश्व बुझाएको रसिद अथवा प्रभू बैंक विहादी शाखाको GA-1.1 BIHADI GA. PA. ANTARIK RAJASWO KHATA 1460114984600041 राजश्व संकेत नं. **14224**, कार्यालय कोड : **801044207** मा जम्मा गरेको भौचर संलग्न गर्नु पर्नेछ ।

**५. सेवा सुविधा तथा अन्यः** नेपाल सरकारले राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीका लागि तोकेको २ महिनाको तलव सुविधा उपलब्ध हुनेछ ।

**६. दरखास्त फाराम :** कार्यालयको वेवसाईट www.bihadimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**७. थप जानकारीका लागिः** फोन नं. ९८४७३८४४९१ वा ९८४४७३७७४२ मा सम्पर्क गर्न सकिनेछ ।

हरि प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत




CamScanner